आज मिति २०८१ साल भाद्र महिना १९ गतेका दिन यस ससकोशी नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद ढकालज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक तपसिलको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय गरियो।

| क्र. स | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | कृष्ण प्रसाद ढकाल | नगर प्रमुख | |
| २ | रिता कुमारी चौधरी | नगर उपप्रमुख | |
| ३ | रोहिणी प्रसाद पोखरेल | वडा अध्यक्ष | |
| ४ | जाहिर हुसेन | वडा अध्यक्ष | |
| ५ | देवकान्त गोजेवार | वडा अध्यक्ष | |
| ६ | जय राम खंग | वडा अध्यक्ष | |
| ७ | गोसाई चौधरी | वडा अध्यक्ष | |
| ८ | नन्दी लाल चौधरी | वडा अध्यक्ष | |
| ९ | जितन चौधरी | वडा अध्यक्ष | |
| १० | केदार प्रसाद साह | वडा अध्यक्ष | |
| ११ | राजेन्द्र कुमार यादव | वडा अध्यक्ष | |
| १२ | हरी लाल साह | वडा अध्यक्ष | |
| १३ | डोलेश्वर खड्गा | वडा अध्यक्ष | |
| १४ | मनो कुमारी चौधरी | का.पा. सदस्य | |
| १५ | प्रभा कुमारी चौधरी | का.पा. सदस्य | |
| १६ | संझा कुमारी चौधरी | का.पा. सदस्य | |
| १७ | शान्ति देवी यादव | का.पा. सदस्य | |
| १८ | संजु देवी चौधरी | का.पा. सदस्य | |
| १९ | राजेन्द्र वि.क. | का.पा. सदस्य | |
| २० | रमेश प्रसाद साह | का.पा. सदस्य | |
| २१ | ललिता देवी खड्ग | का.पा. सदस्य | |
| २२ | रामदेव चौधरी | सदस्य सचिव | |
| २३ | तीर्थराज चौधरी | का.ब. वडा अध्यक्ष | |
| २४ | कविता जस्नेत | लेखापाल | |
| २५ | प्रकाश सुवेदी | प्रशासन अधिकृत | |
| २६ | राम चन्द्र [illegible] | ई.टे.प. | |
| २७ | रण बहादुर [illegible] | ठ. ओ. | |
| २८ | किशोर कु. यादव | योजना प्रमुख | |
| २९ | लोकेश चन्द्र पैकरा | इन्जिनियर | |

**प्रस्तावहरू**

१. कार्यपालिका बैठक समीक्षा सम्बन्धमा।
२. सूचना प्रकाशनको दररेट कायमका लागि शिलबन्दी दरभाउपत्र आह्वान गर्ने सम्बन्धमा।
३. ज्यालादारी मार्फत् इलेक्ट्रिसियन सेवा प्राप्ति सम्बन्धमा।
४. वडा नं. १० स्थित साविक पञ्चायत भवनको सम्झौता सम्बन्धमा।
५. विभिन्न योजनाहरूको म्याद थप सम्बन्धमा।
६. करार कर्मचारीहरूको म्याद थप सम्बन्धमा।
७. तह मिलान सम्बन्धमा।
८. विद्यालयको लेखा परीक्षण कार्यका लागि सूचना प्रकाशन सम्बन्धमा।
९. विज्ञान प्रयोगशाला सहायक नियुक्ति सम्बन्धी कार्यविधि तयारी सम्वन्धमा।
१०. विभिन्न दिवस मनाउने सम्बन्धमा।

**निर्णयहरू**

**निर्णय नं. १** प्रस्ताव नं. १ माथि छलफल गर्दा विगतको कार्यपालिका बैठकको निर्णय कार्यान्वयनका सम्वन्धमा विस्तृत छलफल तथा समीक्षा गरियो।

**निर्णय नं. २** प्रस्ताव नं. २ माथि छलफल गर्दा विभिन्न बोलपत्र आह्वानका लागि राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशनको दररेट कायम गर्नका लागि शिलबन्दी दरभाउपत्र आह्वानको सूचना प्रकाशन गर्ने र उक्त कार्यका लागि रू. ५० हजार कार्य सम्पादन जमानत कायम गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

**निर्णय नं. ३** प्रस्ताव नं. ३ माथि छलफल गर्दा विभिन्न वडामा सडक बत्ती मर्मत तथा जडान कार्यका लागि ज्यालादारी मार्फत् २ जना इलेक्ट्रिसियनको सेवा प्राप्तिका लागि ७ दिनको समयावधि प्रदान गरी सूचना प्रदान गर्ने तथा निजहरूलाई जिल्ला दररेट बमोजिम दैनिक रू.९२०।४० सेवा सुविधा बापत प्रदान गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

**निर्णय नं. ४** प्रस्ताव नं. ४ माथि छलफल गर्दा वडा नं. १० स्थित साविक पञ्चाय भवन भाडामा लगाउने प्रयोजनका लागि साविकमा नेपाल टेलिकमसँग सम्झौता भएकोमा हाल सम्झौता नभएको अवस्था कायम रहेको हुँदा भुक्तानी हुन बाँकी रकम प्राप्त गर्ने शर्त सहित मासिक रू.४,५००।- प्राप्त गर्ने र प्रत्येक २ वर्षमा १० प्रतिशत भाडा वृद्धि गर्ने गरी सम्झौत गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

**निर्णय नं. ५** प्रस्ताव नं. ५ माथि छलफल गर्दा तपसिल बमोजिमका योजनाहरूको म्याद थप गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

तपसिलः

| सि.नं. | योजना विवरण | ठेकेदार/उपभोक्ता समिति | म्याद थप भएको अवधि |
|---|---|---|---|
| १. | टयाङ्ग्रा खोला, मयुरनी खोला, अमाहा खोला लगायत अन्य खहरे खोला नियन्त्रण तथा व्यवस्थापन | निसु कन्स्ट्रक्सन | २०८१ कार्तिक मसान्त |
| २. | कमल दह पर्यटकीय स्थल निर्माण | हलेशी तिलक निर्माण सेवा | २०८१ कार्तिक मसान्त |
| ३. | म्यागजिन चौरिया सिमासार पर्यटकीय स्थल निर्माण | अपन निर्माण सेवा | २०८१ कार्तिक मसान्त |
| ४. | वडा नं. ८ को सभाहल निर्माण | रिजन एण्ड प्रतिक्षा कन्स्ट्रक्सन | २०८१ कार्तिक मसान्त |
| ५. | वडा नं. ४ को वडा कार्यालय भवन निर्माण | उपभोक्ता समिति | २०८१ कार्तिक मसान्त |
| ६. | वडा नं. ४ स्थित सुरक्षित आवास निर्माण | उपभोक्ता समिति | २०८१ कार्तिक मसान्त |
| ७. | वडा नं. ४ र ७ जोड्ने झोलुङ्गे पुल निर्माण | उपभोक्ता समिति | २०८१ कार्तिक मसान्त |
| ८. | १५ शैय्या आधरभूत अस्पताल भवन निर्माण | लामा कन्स्ट्रक्सन | २०८१ कार्तिक मसान्त |

निर्णय नं. ६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा नगरपालिकामा कार्यरत करार कर्मचारीहरूको म्याद मिति २०८१ साल पौष मसान्तसम्म थप गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

निर्णय नं. ७ प्रस्ताव नं. ७ माथि छलफल गर्दा मधेश प्रदेश सरकारद्वारा प्रदेश राजपत्रमा प्रकाशित स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ८ को उपदफा (२२) मा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहमा लोक सेवा आयोगबाट २०७६ सालमा सिफारिस भई स्थानीय तहमा नियुक्त भएका अधिकृत छैठौं तहका कर्मचारीहरूलाई नियुक्ति मिति देखि लागू हुने गरी अख्तियारवालाले सातौं तहमा तह मिलान गरी दिनेछ भन्ने व्यवस्था रहेको हुँदा लोक सेवा आयोगबाट २०७६ सालमा सिफारिस भई छैठौं तहमा कार्यरत तपसिल बमोजिम कर्मचारीहरूलाई नियुक्ति मितिदेखि जेष्ठता लागू हुने गरी सातौं तहमा तह मिलान तथा पदस्थापन गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

तपसिलः

| हाल कार्यरत पदको विवरण | तह मिलान भएको पदको विवरण |
|---|---|
| १. नामः प्रकाश सुवेदी (क.सं.नं.२३७१८६)<br>२. सेवाः प्रशासन<br>३. समूह/उपसमूहः सामान्य प्रशासन<br>४. पदः प्रशासन अधिकृत<br>५. तहः अधिकृतस्तर छैठौं<br>६. नियुक्ति मितिः २०७६।०८।१६ | १. सेवाः स्थानीय प्रशासन<br>२. समूह/उपसमूहः सामान्य प्रशासन<br>३. पदः प्रशासन अधिकृत<br>४. तहः अधिकृतस्तर सातौं<br>५. जेष्ठता लागू हुने मितिः २०७६।०८।१६ |
| १. नामः लोकेश चन्द्र पैकरा (क.सं.नं.२३६९५०)<br>२. सेवाः इन्जिनियरिङ्ग<br>३. समूह/उपसमूहः सिभिल<br>४. पदः इन्जिनियर<br>५. तहः अधिकृतस्तर छैठौं<br>६. नियुक्ति मितिः २०७६।०९।१५ | १. सेवाः इन्जिनियरिङ्ग इन्जिनियरिङ्ग<br>२. समूह/उपसमूहः सिभिल<br>३. पदः इन्जिनियर<br>४. तहः अधिकृतस्तर सातौं<br>५. जेष्ठता लागू हुने मितिः २०७६।०९।१५ |
| १. नामः रमेश कुमार खड्का (क.सं.नं.२३९००४)<br>२. सेवाः शिक्षा<br>३. समूह/उपसमूहः शिक्षा प्रशासन<br>४. पदः शिक्षा अधिकृत<br>५. तहः अधिकृतस्तर छैठौं<br>६. नियुक्ति मितिः २०७६।१०।१७ | १. सेवाः स्थानीय शिक्षा<br>२. समूह/उपसमूहः शिक्षा प्रशासन<br>३. पदः शिक्षा अधिकृत<br>४. तहः अधिकृतस्तर सातौं<br>५. जेष्ठता लागू हुने मितिः २०७६।१०।१७ |

निर्णय नं. ८ प्रस्ताव नं. ८ माथि छलफल गर्दा सामुदायिक विद्यालयहरूको लेखा परीक्षण कार्यका लागि सूचना प्रकाशन गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

निर्णय नं. ९ प्रस्ताव नं. ९ माथि छलफल गर्दा विधायन समितिबाट विज्ञान प्रयोगशाला सहायक नियुक्ति सम्बन्धी कार्यविधि तयार गरी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

निर्णय नं. १० प्रस्ताव नं. १० माथि छलफल गर्दा अन्तर्राष्ट्रिय साक्षरता दिवस, बाल दिवस, राष्ट्रिय विज्ञान दिवस, शिक्षा दिवस र संविधान दिवस विभिन्न कार्यक्रम गरी मनाउने निर्णय सर्वसम्मतिबाट पारित गरियो।